जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २८५ पृष्ठः ४ | २०८२ फाल्गुन २५ सोमबार (Monday 09 March 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# सिरहामा रास्वपाको 'क्लिन स्वीप'
## चारै क्षेत्रमा फराकिलो जीत, परम्परागत दल स्तब्ध



सिरहा, २४ फाल्गुन। प्रतिनिधिसभा निर्वाचन २०८२ मा सिरहाका चारै क्षेत्रबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले ऐतिहासिक जीत निकालेको छ। युवा उम्मेदवारहरूको लहरले पुराना दललाई पछि पार्दै जिल्लाको राजनीतिक नक्सा नै फेरिएको छ।

**क्षेत्र नं. १ : बब्लु गुप्ताको भारी मतान्तर**

सिरहा–१ बाट रास्वपाका बब्लु गुप्ता ४१,३२२ मतसहित विजयी भए। उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेस का रामसुन्दर चौधरी ९,७८४ मतमै सीमित भए। नेकपा एमालेका रामाशंकर यादवले ७,८८४ र नेकपाका रामचन्द्र यादवले २,८५३ मत पाए। २८ वर्षीय गुप्ता सामाजिक काम र जेन्जी आन्दोलनबाट उदाएका युवा हुन्। "भोट होइन, विश्वास जित्ने अभियान थियो," गुप्ताले विजयपछि भने, "अब कामबाट प्रमाणित गर्छु।" उनले कोरोना महामारीका बेला निःशुल्क खाना अभियानदेखि कमला पुल पुनर्निर्माण र अस्पतालको जग्गा व्यवस्थापनसम्म सक्रियता देखाएका थिए।

**क्षेत्र नं. २ : शिवशंकरको पुनरागमन**

सिरहा–२ मा रास्वपाका शिवशंकर यादव ३९,५६१ मतसहित निर्वाचित भए। कांग्रेसका रामचन्द्र यादव १२,८१४ मतमा रोकिए। एमालेका नवीन कुमार यादवले ६,७१३ र नेकपाका मुक्तिनारायण सिंहले ३,६८० मत प्राप्त गरे। गत निर्वाचनमा पाँचौं स्थानमा सीमित भएका शिवशंकर यसपटक करिब २७ हजार मतान्तरले विजयी भए। "जनताले यसपटक अवसर दिएका छन्, निराश बनाउँदिनँ," उनले प्रतिक्रिया दिए।

**क्षेत्र नं. ३ : शम्भुकुमारको स्पष्ट अग्रता**

सिरहा–३ बाट शम्भुकुमार यादव ३२,२४९ मतसहित विजयी भए। एमालेका लिलानाथ श्रेष्ठ (१०,१५६), नेकपाका विश्वनाथ साह (९,९४२) र कांग्रेसका शुभाषचन्द्र यादव (९,८७९) पछि परे। १२ दलका ४१ उम्मेदवार प्रतिस्पर्धामा रहे पनि मतदाताले स्पष्ट रूपमा रास्वपालाई रोजे।

**क्षेत्र नं. ४ : तपेश्वरको मजबुत जित**

सिरहा–४ मा रास्वपाका तपेश्वर यादव ३६,२१० मतसहित विजयी भए। नेकपाका अजयशंकर नायक ७,९७२ मतमै सीमित रहे। अन्य प्रतिस्पर्धीहरू उल्लेख्य मतान्तरले पछि परे। इञ्जिनियर पृष्ठभूमिका ३३ वर्षीय तपेश्वर मधेश प्रदेशमा रास्वपाका सभापतिसमेत हुन्। "यो परिवर्तनको जनादेश हो," उनले भने, "अब परिणाम देखिने गरी काम हुन्छ।"

**मतदाताको सन्देश**

चारै क्षेत्रमा मतदाता सहभागिता उल्लेख्य रह्यो। कुल मतदाताको ठूलो हिस्सा मतदानमा सहभागी भएको निर्वाचन कार्यालयले जनाएको छ। राजनीतिक विश्लेषकहरूका अनुसार सिरहाको नतिजाले परम्परागत दलप्रति बढ्दो असन्तुष्टि र नयाँ नेतृत्वप्रतिको आकर्षण स्पष्ट पारेको छ। एक मतदाताले मतदान केन्द्र बाहिर भने, "हामीले अनुहार होइन, आशा रोजेका हौं।" सिरहाको यो परिणामसँगै मधेस राजनीतिमा नयाँ अध्याय सुरु भएको संकेत देखिएको छ।

# धनुषाबाट रास्वपाका तीन उम्मेदवार विजयी

जनकपुर, २४ फाल्गुन। धनुषा जिल्लाबाट प्रतिनिधिसभा सदस्य निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का तीन उम्मेदवार विजयी हुनुभएको छ। धनुषामा चार निर्वाचन क्षेत्रमध्ये तीन निर्वाचन क्षेत्रमा रास्वपाका उम्मेदवार विजयी भएको हो। यसरी विजयी हुनेहरूमा निर्वाचन क्षेत्र नं २ बाट विनोद यादव, निर्वाचन क्षेत्र नं ३ बाट मनिष झा तथा निर्वाचन क्षेत्र नं ४ बाट राजकिशोर महतो विजयी हुनुभएको बताइएको छ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार निर्वाचन क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्य पदमा रास्वपाका यादवले ४१ हजार ६३७ मत प्राप्त गर्नुभयो। उहाँका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका दिनेश परसैलाले १० हजार १९८ मत प्राप्त गर्नुभएको थियो। यस्तै, धनुषा निर्वाचन क्षेत्र नं ३ बाट प्रतिनिधिसभा सदस्य पदमा रास्वपाका झाले ४३ हजार ९८८ मत प्राप्त गर्नुभयो। उहाँका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका बिमलेन्द्र निधिले १६ हजार ६५२ प्राप्त गर्नुभयो।

यसैगरी, धनुषा निर्वाचन क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्य पदमा रास्वपाका महतोले ४८ हजार २७० मत प्राप्त गर्नुभयो। उहाँको निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका महेन्द्र यादवले १५ हजार ८०९ प्राप्त गर्नुभयो। यसैबीच, निर्वाचन आयोगले

–बाँकी दुई पेजमा

# नवयुवा आन्दोलनः 'जाँचबुझ आयोगको प्रतिवेदनको निचोड यही सरकारले सार्वजनिक गर्छ' : प्रधानमन्त्री

काठमाडौं, २४ फाल्गुन। गएको भदौमा भएको नवयुवा आन्दोलनमा भएका घटनाक्रम र सरकारी पक्षबाट भएको भनिएको दमनबारे छानबिन गर्न गठित जाँचबुझ आयोगले प्रधानमन्त्रीलाई आफ्नो प्रतिवेदन बुझाएको छ। पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वमा रहेको आयोगका पदाधिकारीहरूले सिंहदरबारमा प्रधानमन्त्री सुशीला कार्कीलाई भेटेर आज प्रतिवेदन बुझाएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार रामबहादुर रावलले जानकारी दिनुभयो।



रावलका अनुसार प्रतिवेदन बुझ्दै प्रधानमन्त्री कार्कीले अध्ययन गरेर आवश्यक प्रक्रिया अघि बढाउने बताउनुभएको छ। प्रतिवेदनको निचोड यही सरकारले सार्वजनिक गर्ने उहाँको भनाइ छ। प्रतिवेदन बुझाउने क्रममा आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले आफूहरूले इमानदारीका साथ काम गरेको र कुनै पूर्वाग्रह नराखी जे देख्यो त्यही कुरा प्रतिवेदनमा राखेको बताउनुभएको रावलले जानकारी दिनुभयो। प्रतिवेदनमा भविष्यमा

–बाँकी दुई पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## तनाव व्यवस्थापनका तरिका

- नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं।
- परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं।
- पर्याप्त निन्द्रा र आराम गरौं।
- स्वस्थ र सन्तुलित खाना खाने गरौं।
- आ नो रुचिका गतिविधिमा संलग्न हुने गरौं।
- काम र विश्रामबीचको सन्तुलन राख्ने गरौं।

तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## रास्वपालाई ऐतिहासिक जनसमर्थन

प्रतिनिधि सभाका लागि फागुन २१ गते भएको मतदानबाट राष्ट्रिय स्वतन्त्र पार्टी ९रास्वपा०ले पाएको जति मत नेपालकै इतिहासमा सम्भवतः पहिलो हो। संसदीय अङ्कगणितले सत्ताको खेल निर्धारण भइरहेको देखेर दिक्क भएका जनताले मौका पाउँदा सत्ताको फोहोरी खेलका खेलाडीहरूलाई पाठ सिकाएका छन्। जनताले विश्वास गरेको राष्ट्रिय स्वतन्त्र पार्टीलाई बधाईका साथै जनअपेक्षाअनुसार राष्ट्रको हितमा शासन सञ्चालन गर्ने सफलताको शुभकामना !

हुनत, २०१५ को संसदीय निर्वाचनमा नेपाली कांग्रेसले संसद्मा दुईतिहाइ बहुमत ल्याएको थियो। तर, राणा शासनविरुद्ध जनक्रान्तिको नेतृत्व गरेको दल र नेताले त्यति समर्थन पाउनु आश्चर्यको विषय भने थिएन। त्यति बेला नेपाली कांग्रेसभन्दा ठूलो र देशव्यापी संगठन भएको अरू दल थिएनन्। अहिले त रास्वपाले अपेक्षाकृत व्यापक संगठन र प्रभाव भएका मानिने ठूला दलहरूलाई एकै झमटमा सोत्तर बनाइदिएको छ। यो आश्चर्यजनकमात्र होइन गम्भीर अध्ययनको पनि विषय हो।

यसपटक प्रचण्ड बहुमत पाउने दल रास्वपा प्रतस्पर्धी दलहरूका तुलनामा धेरै नयाँ हो। हुनत, ससाना कम्युनिस्ट पार्टीहरू नेकपा (माओवादी केन्द्र)मा समाहित भएर बनाइएको नेपाली कम्युनिस्ट पार्टीलाई त्यसका संयोजक पुष्पकमल दाहालले सबैभन्दा नयाँ दल भनेका छन् तर ती दल र तिनका नेताहरू नेपाली राजनीतिमा नयाँ होइनन्। तिनको राम्रो नराम्रो जे ठाने पनि इतिहास छ। राष्ट्रिय स्वतन्त्र पार्टीले काठमाडौं महानगरपालिकाका पूर्वप्रमुख बालेन्द्र शाहलाई प्रधानमन्त्रीको उमेदवार घोषणा गरेर चुनावमा गएको थियो। उनको चुनावी अभियानमै अपूर्व जनलहर देखिएको थियो। रास्वपा शाहको लोकप्रिय छविलाई मतमा रूपान्तर गर्न सफल पनि भयो। चुनावपूर्व नै रास्वपाका सभापति रवि लामिछाने र शाहबीच भदौ २३(२४ को जेन(जी आन्दोलनको अपनत्व लिने बुँदा पनि सामेल थियो। प्रत्यक्ष संलग्न नदेखिए पनि शाह जेन(जी आन्दोलनका नेता मानिन्छन्।

निर्वाचनमा नेपालको राजनीतिमा २००७, २०४६ र २०६३ सालदेखि प्रभाव जमाइआएका लोकतान्त्रिक र प्रगतिशील भनिने दलहरू नराम्ररी पराजित भए। अपेक्षाकृत सैद्धान्तिक स्पष्टता नभएको नयाँ दलले मूलतः सुशासन र भ्रष्टाचार नियन्त्रणको वाचा गरेर जनताको मत सोहोऱ्यो। मतदाताले इतिहास र सिद्धान्तलाई महत्त्व दिएनन्। युवा नेतृत्वको वाचामा विश्वास गरे। जनताले पुराना दलका नेताहरूको अनुहार मन नपराएरमात्र नयाँ दललाई मत दिएका त पक्कै होइनन्। पुराना राजनीतिक दलका नेताहरूमा देखिएको भ्रष्टाचार, विलासी जीवनशैली, नातावाद, कृपावाद तथा स्वार्थपरक आचरणलाई तिनले तिरस्कार गरेका हुन्। सत्ताधारीहरू नेपालीजस्तो परम्परागत समाजमा यस्ता सबै दुर्गुणबाट पूरै जोगिने अपेक्षा गर्नु पनि सायद स्वाभाविक हुँदैन। तर, पुरानै प्रवृत्ति दोहोरियो भने जनता छिट्टै नै निराश र आक्रोशित भने हुनेछन्। अहिले रास्वपाले पाएको मत पुराना दलका विरोधमा हो। यसलाई रास्वपाले काम देखाएर आफ्नो समर्थनमा ल्याउन सकेमात्र सफल हुनेछ।


रास्वपाका नेता कार्यकर्ताले नेपाली कांग्रेस र कम्युनिस्ट पार्टीहरूको हारलाई लोकतन्त्र र प्रगतिशीलताको पराजय ठाने वा लोकरिझ्याइँका निम्ति राष्ट्रिय ढुकुटी एवं क्षमताको उपेक्षा गरे भने मुलुक असफल राज्य हुने जोखिममा पर्नेछ। यस्तै, एकछत्र शासन चलाउने मोहमा लोकतान्त्रिक संरचनाहरूलाई कमजोर बनाउने वा भत्काउने दुश्चेष्टा गरियो भने देश पुनः अशान्तिको भुमरीमा पर्नेछ।

देशमा भूराजनीतिक कारणसमेतले चुनौतीहरू थपिँदा छन्। भारत र चीनका लागि पनि नयाँ नेतृत्व नयाँ नै छ। समय सजिलो छैन। जनतामा अपेक्षा बढेको छ भने राज्यको क्षमता कम छ। प्रचण्ड जितको उन्मादले नेतृत्वलाई बढी अहङ्कारी बनाउन सक्छ। अर्कोतिर भूराजनीतिक चुनौतीको सामना गर्न राष्ट्रिय सहमति सबैभन्दा प्राथमिकता बन्नुपर्ने समय देखिन्छ।

# श्रमिक महिला दिवसको उपलब्धि र आगामी पाइला



अजयकुमार झा




अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस महिलाहरूको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक उपलब्धिहरू मनाउने विश्वव्यापी दिन हो। यस दिवसले लैङ्गिक समानताको विचार र व्यवहारलाई गति दिने कार्यमा जोड दिन्छ। महिला दिवस महिला जागरणको दिवस पनि हो। प्रत्येक वर्ष ८ मार्चका दिन विश्वव्यापी रूपमा मनाइने श्रमिक महिला दिवसले लैङ्गिक समानता, महिला अधिकार, महिला सशक्तीकरणको जागरणलाई बढवा दिने गर्छ।

नारी दिवस सर्वप्रथम सन् १९०९ फेब्रुअरी २८ मा मनाइएको थियो। सन् १९१० मा महिलाहरूको मताधिकार सुनिश्चित गर्ने उद्देश्य साथ नारी दिवसलाई अन्तर्राष्ट्रिय मान्यता प्रदान गरिएको थियो। पछिल्लो समय नारी दिवसका गतिविधिहरू मार्च महिना भरी आयोजना गर्ने गरिएको छ। सन् २०२६ सम्म आइपुग्दा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको ११६औँ संस्करण आयोजना गरिँदैछ।

शताब्दी अघि, संयुक्त राज्य अमेरिकाको सोशलिस्ट पार्टीले २८ फरवरी १९०९ का दिन आयोजना गरेको नारी दिवस नै यसको उद्गम मिति हो। सन् १९०८ मा भएको महिला कपडा कामदारको अधिकारको संघर्षको संस्मरणमा उक्त दिवस मनाएको थियो। उक्त संस्मरण दिवस पछि २८ फरवरीको सट्टा फरवरीको अन्तिम आइतबार मनाइन थालिएकोमा सन् १९१७ देखि मार्च ८ को दिन महिला दिवस मनाउन थालियो, जुन अझै पनि जारी छ।

सन् १९१० मै सोशलिस्ट इन्टरनेशनलको कोपेनहेगनको सम्मेलनले यसलाई अन्तर्राष्ट्रिय मान्यता प्रदान गरेको थियो। त्यतिबेला यस दिवसको प्रमुख ध्येय नारीलाई मताधिकारको अधिकार दिलाउनु थियो भने पछि क्रमशः यस दिवसले महिलासँग सम्बन्धित अन्य अधिकारका कुराहरूलाई समावेश गर्दै लग्यो। सन् १९१७ मा रसियाली महिलाहरूले महिलाको गाँस र कपासको मुद्दा अघि सारी ऐतिहासिक हडताल गरे। त्यसै वर्ष जार राजतन्त्रको अन्त्य भएर गणतन्त्रको स्थापना भएको थियो। नयाँ गणतान्त्रिक अन्तरिम सरकारले महिलाहरूलाई भोट दिने अधिकार भएको निर्णय गऱ्यो।

सन् २००१ मा इन्टरनेशनल वुमन्स डे डटकम नामक वेबसाइट स्थापना गरियो। यस वेबसाइटमा संसारका कुनै पनि भागमा हुने महिला अधिकारका आन्दोलन र प्रदर्शनलाई त्यहाँ लिपिबद्ध गरिने प्रणालीको विकास गरियो। यसमा युरोपियन युनियन, महिला संघ, संगठनलगायत आबद्ध छन्। एक शताब्दीको प्रयासबाट महिला विकासको काममा मध्य एसियाका ग्रामीण क्षेत्रका महिलाहरूको अवस्थालाई हेर्दा लगानी गर्ने पूर्वाधारको पर्याप्त विकास भई सकेको छैन। ग्रामीण संस्थागत संरचनाहरूमा उनीहरूको समान रूपमा प्रतिनिधित्व हुन सकेको छैन। कृषि क्षेत्रको व्यवस्थापनमा उनीहरूको सहभागिता न्यून छ। महिला कृषि श्रमिकलाई पुरुष सरह ज्याला दिइँदैन। महिलाका लागि उचित रोजगारी, बजार र पूर्वाधारमा समान पहुँच कायम भएको छैन। कृषिमा काम गर्ने ६० देखि ८७ प्रतिशत महिला अनौपचारिक वा पारिवारिक कामदार रहेको अनुमान गरिन्छ। स्वास्थ्य र शिक्षा सधैँ पर्याप्त रूपमा प्रदान गरिएको छैन। सकारात्मक परिवर्तन तर्फको प्रगति सीमित छ।

स्थानीयदेखि विश्वस्तरसम्म महिला नेतृत्व र राजनीतिक सहभागिता कमजोर छ। प्रतिनिधिमूलक संस्था, नागरिक समाज, निजामती सेवा, निजी क्षेत्र आदिको सांगठनिक प्रतिनिधित्वमा महिला मताधिकार र प्रतिनिधित्वको अवस्था सन्तोषप्रद छैन। परिवर्तनका संवाहकका रूपमा उनीहरू सक्षम भए पनि लोकतान्त्रिक शासनमा समान रूपमा भाग लिने उनीहरूको अधिकार कुण्ठित रहेको छ।

महिलाले सामुदायिक, सामाजिक, सार्वजनिक र खासगरी राजनीतिक जीवनमा भाग लिन धेरै बाधाहरूको सामना गर्नुपर्ने अवस्था समाप्त भएको छैन। प्रभावकारी नेतृत्व प्रदान गर्न आवश्यक पर्ने शिक्षा, सम्पर्क र स्रोतहरू पुरुषको तुलनामा महिलाहरूको लागि न्यून छ। महिलाको राजनीतिक सहभागिताको सवालमा सन् २०११ को संयुक्त राष्ट्रसंघको महासभाको प्रस्ताव अनुसार, 'विश्वको हरेक भागमा महिलाहरू प्रायः भेदभावपूर्ण कानुन, अभ्यास, मनोवृत्ति र लैङ्गिक रूढीहरू, शिक्षाको निम्न स्तरको परिणामको रूपमा, राजनीतिक क्षेत्रबाट धेरै हदसम्म सीमान्तकृत भइरहेका छन्।'

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिले सार्वजनिक जीवनमा महिलाको सहभागिताको अधिकारलाई समर्थन गर्छ, जबकि बेइजिङ प्लेटफर्म फर एक्सनले समान सहभागिताका बाधाहरू हटाउन आह्वान गरेको छ। सहस्राब्दी विकास लक्ष्यहरूले लैङ्गिक समानतातर्फको प्रगतिको आकलन आंशिक रूपमा संसदीय प्रतिनिधित्वहरूमा महिलाको अनुपातको आधारमा गर्दै आएको छ।

संसदीय निर्वाचनहरूमा महिला प्रतिनिधित्वको अनुपातको किटान गरिए पनि उनीहरूको जीत सुनिश्चित हुने गरी टिकट वितरण गर्ने कार्य पुरुष उम्मेदवारहरूको तुलनामा नगण्य हुन्छ। महिला उम्मेदवारहरूको प्रतिस्पर्धा गर्ने क्षमताको विकास गर्न उनीहरूलाई प्रशिक्षणको खाँचो हुन्छ। 'युएन वुमन' ले राजनीतिक क्षेत्रहरूमा मतदाता, उम्मेदवार, निर्वाचित अधिकारीहरू र निजामती सेवा सदस्यहरूको रूपमा महिलाहरूको निष्पक्ष पहुँच सुनिश्चित गर्न विधायी र संवैधानिक सुधारहरूको वकालत गर्दै आएको छ।

नेपालमा महिलाको अवस्था विगतको भन्दा धेरैको फरक छ। तर अझै पनि विश्वका धेरै मुलुकहरूमा जस्तै नेपालमा पनि महिला र पुरुषबिच विभेदको खाडल पुर्न सकेको छैन। सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, प्रशासनिक आदि हरेक क्षेत्रमा लैङ्गिक समानताको गति सीमित छ। नेपालमा कुल जनसंख्याको आधा भन्दा बढी हिस्सा महिलाको रहेको छ। नेपाल अविकसित मुलुक भएकोले यहाँको मानवीय संसाधनको विकास अवस्था पिछडिएको कुरा स्वतः स्पष्ट नै छ। तर तुलनात्मक रूपमा पनि पुरुषको तुलनामा महिलाको अवस्था कमजोर छ। मुलुक विकसित हुन नसक्नुका एक प्रमुख कारण पुरुषको तुलनामा महिलाको अवस्था कमजोर हुनु पनि हो।

जातपातको भेदभाव, चाँडो विवाह, छोराको महत्त्व बढी जस्ता मान्यताका कारणले महिलाको स्तर माथि उठ्न सकेको छैन। साधन, स्रोत र अवसरको वितरणमा लैङ्गिक असमानताका कारण महिलाहरूको स्तर निकै तल परेको छ। नेपालको संविधानले महिला सम्बन्धी हक सुनिश्चित गरेको भए पनि तद अनुरूप संस्थागत विकास हुन सकेको छैन। यद्यपि अन्तर्राष्ट्रिय अभियान अन्तर्गत नारीलाई पुरुष सरह हरेक क्षेत्रमा समानता हुनु पर्छ भन्ने उद्देश्यका साथ विभिन्न कामहरू भइरहेको अवस्था नभएको होइन तर त्यसको गति अत्यन्तै न्यून छ।

महिलाहरूप्रति विगतदेखि गरिँदै आएका विभेद मूलक कार्यहरू हालका केही वर्षमा न्यून हुँदै गएका छन्। तर आधुनिक कालमा विकसित भएका राजनैतिक, आर्थिक, सामाजिक क्रियाकलापमा विभेद गर्ने वा महिलालाई पछि छाड्ने परिस्थितिहरू विद्यमान छन्। विगत केही वर्षयता नेपालमा महिला अधिकार र स्वतन्त्रताको क्षेत्रमा पर्याप्त काम भएको पाइन्छ। जसको फलस्वरूप वर्तमानमा भएको परिवर्तन प्रत्यक्ष देख्न सकिन्छ। हाल आएर उल्लेख्य संख्यामा नेपाली महिलाहरू शिक्षित भएकी छिन्। यहाँका महिलाहरू राजनीति, शिक्षा, सेना, प्रहरी, निजामतीमा मात्रै नभएर वैदेशिक रोजगारीमा समेत आफ्नो योगदान दिइरहेकी छिन्।

एक्काईसौँ शताब्दी महिलाहरूको सर्वाङ्गीण विकासका लागि सुनौलो मौकाका रूपमा देखापरेको छ। यसको आधारभूत कारण बिसौँ शताब्दीको प्रारम्भबाटै थालिएको नारीवादी आन्दोलन हो र यसको महत्वपूर्ण पानीढलो यही श्रमिक महिला दिवस हो। तर अझै पनि महिलाहरूको अधिकारको लागि पर्याप्त काम गर्नु बाँकी नै छ। नेपालको संविधान २०७२ को धारा ३८ ले महिलाहरूको मौलिक हक उल्लेख गर्दै प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने, महिला विरुद्ध धार्मिक सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुने र पीडितले कानुन बमोजिम क्षतिपूर्ति पाउने हक प्रदान गरेको छ।

साथै राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुने, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा अवसर प्राप्त गर्ने हक हुने र सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने व्यवस्था पनि गरेको छ। महिलाको मौलिक

-बाँकी तीन पेजमा

# मधेसमा मधेसी दलको पत्तासाफ

**राजकरण महतो**



बर्दिबास, २४ फाल्गुन। २०६३–०६४ को मधेस विद्रोहबाट राष्ट्रिय राजनीतिमा उदाएका मधेसवादी राजनीतिक दलहरू जेनजी विद्रोहसँगै भएको निर्वाचनबाटै बढारिएका छन्। यसलाई मधेसवादी दलहरूले 'चुनाव हारेको मात्रै हो विश्वास अझै जीवित'रहेको दाबी गरेका छन्। मधेस प्रदेशको ३२ मध्ये एउटा सिट पनि नजितेर मधेस केन्द्रित दलले चुनावी मैदानबाट आउट भएका छन्। 'अबकी बार, बालेन सरकार'को नाराले ३० बढी सीटमा राष्ट्रिय स्वतन्त्र पार्टी कब्जा जमाइसकेको छ। उपेन्द्र यादव नेतृत्वको मधेसवादी दल जनता समाजवादीसहितका अन्य दलहरूको मत परिणाम हेर्दा राष्ट्रिय पार्टी पनि नबन्ने खबरहरू निर्वाचन आयोगबाट सार्वजनिक भइरहेका छन्।

मधेसवादी दलका शीर्ष नेताहरूसमेत मधेस आन्दोलनको 'इपिसेन्टर'बाटै यसपटक मतदाताको विश्वास जित्न असफल भएका छन्। मधेसका 'मसिहा'हरूको दम्भमा मधेसबासीहरूले मौन विद्रोह गरेर 'ब्यालेट क्रान्ति' गरेका हुन्। जनता समाजवादी पार्टीका संयोजक उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष डा. सीके राउत, पटक–पटक सरकारमा मन्त्री बन्दै आएका शरतसिंह भण्डारी, राजकिशोर यादव तथा राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोलगायत प्रमुख नेताहरू आफ्नै राजनीतिक गृह जिल्लामा पराजय व्यहोरेका छन्, त्यो पनि आफ्नै छोरा,भतिजा, नाति पुस्तासँग। पार्टीका शीर्षस्थ नेताहरू आफ्नै जन्मथलोमा हारको खबरबाट मर्माहत भएका छन्।

राजनीतिक विश्लेषकहरूका अनुसार यसपटकको परिणाम केवल निर्वाचन परिणाममात्र नभई मधेसको राजनीतिक मनोविज्ञानमा आएको गहिरो परिवर्तनको संकेत हो। भदौ २३ र २४ मा भएको 'जेनजी आन्दोलन' र युवापुस्ताको बढ्दो असन्तुष्टि चुनावी परिणाममा स्पष्ट देखिएको विश्लेषण गरिएको छ।

इन्जिनियर मनोज कुमार महतोका अनुसार मधेसवादी दलहरू मधेसी जनता (भाइभरदार, काका–काकी, आमा–बुबा) आफैं मान्छे सम्झिएर २०६४ सालयता भोट लिइरहे। मधेसी जनताले भन्न चाहेको कुरो पनि मधेसी दलहरूले सुन्न चाहेनन्। उनले भने, 'मधेसी जनताले मनमनै पीडा दबाएर बसेका थिए। 'मेरो पनि अस्तित्व छ, म पनि मान्छे हो' भनेर अहिले मधेसले बालेनलाई भोट दिएर मौन विद्रोह गरेका छन्।'

फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनसँगै मधेसको राजनीतिक भूमिबाट लगभग मधेसबादी दलहरू लोप हुने अवस्थामा पुगेका विश्लेषणहरु भइरहेका छन्। तर, मधेसवादी दलका नेताहरूले चुनावमात्रै हारेको हो, पार्टी, संगठन, एजेन्डा अझै जीवित रहेको दाबी गरेका छन्। मधेस मामिलाका विश्लेषक डा. विजय कुमार मिश्रका अनुसार मधेस केन्द्रित दलहरू दशकौंसम्म प्रभावशाली रहँदै आएको क्षेत्र यसपटक पूर्णतः नयाँ राजनीतिक शक्तिको हातमा पुगेको छ। स्वार्थ मिल्दा जुट्ने, सत्ताको लोभमा फुट्ने चरित्र बनाएका मधेसवादी दलहरूलाई बालेन सरकारको नाराले सत्ता यात्रामा अहिलेलाई पूर्णविराम लगाएको छ।

निर्वाचन परिणामअनुसार मधेसमा राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा)ले विजय हासिलको इतिहास रचिरहँदा यससँगै मधेसको राजनीतिक नक्सामा ठूलो परिवर्तन देखिएको छ। समानुपातिक मततर्फ पनि रास्वपाकै अग्रता देखिएको छ। दुई दशकको राजनीतिक इतिहास बनाएको मधेस केन्द्रित दलहरूको आधारभूमिमा रास्वपाले टिङटिङ... घण्टी बजाएर सान्दार जित हात परेको हो। राजनीतिक विश्लेषक प्रोफेसर सन्त सत्यनारायण आलोका अनुसार 'अबकी बार, बालेन सरकार' भन्ने नाराले विशेषगरी युवा मतदातामा व्यापक प्रभाव पारेको देखिन्छ। परम्परागत मधेसवादी दलहरूप्रति बढ्दो असन्तुष्टि र नयाँ नेतृत्वको खोजीले मतदातालाई रास्वपातर्फ आकर्षित गरेको उनीहरूको भनाइ छ।

मधेस आन्दोलनपछि पहिलोपटक मधेस केन्द्रित दलहरू राजनीतिक रूपमा यति कमजोर देखिएको टिप्पणी पनि गरिएको छ। दशकभन्दा बढी समय मधेसको राजनीतिमा निर्णायक भूमिका खेलेका दलहरू एकैपटक चुनावी मैदानमा पराजित हुनु मधेसको राजनीतिक इतिहासमै ठूलो मोडका रूपमा हेरिएको छ। अब मधेसमा रास्वपाको भारी बहुमतसँगै संघीय राजनीति र प्रदेश स्तरको शक्ति सन्तुलनमा समेत नयाँ समीकरण बन्ने संकेत देखिएको छ। विश्लेषक डा. मिश्रले मधेसवादी दलहरूले मधेस जनतासँग भोट लिएर सत्ता र शक्तिमा मात्रै पुग्ने काम गरेकाले त्यसलाई यसपटक 'ब्रेक' गरेका हुन्।

'मधेसका जनताको आशा र अपेक्षामाथि मधेसवादी दलहरूले पूरा गर्न सकेनन्,' उनले भने, 'मधेसमा सरुवा, बढुवा, विकासका काम सबैमा घुस, कमिसन लिएर मधेस आश्रित दलहरूले काम गरे। त्यसबाट मधेसी जनतामा भित्रभित्रै उकुसमुकुस थियो। विकल्प खोज्दै थिए। त्यसबेला मधेसका बेटा बालेन काठमाडौं महानगरपालिकाको मेयर भएर काम गरिरहेका थिए। राम्रो सडक बनाए पनि कति घुस नेताले खाएका होलान् भन्ने मधेसमा भाष्य निर्माण भयो।' उता उपेन्द्र यादवहरू संविधान संशोधनका लागि मधेसी जनताबाट लागि भोट लिएर जान्थे, सत्तामा पुगेर चुप लागेर बस्थे।

उनले थपे, 'यही मौका हो भनेर मधेसी जनताले मधेसका बेटा बालेनलाई प्रधानमन्त्री बनाएर मधेसी जनताले संविधानमा आफ्ना माग पूरा गराउन मधेसबाट सबै मधेसी जनताले घण्टीलाई भोट दिए। मधेसी जनताले मधेसवादी दलको सत्ता यात्रा बन्द गरेकोमा धन्यवाद दिनुपर्छ। मधेसी जनताले भोटमात्रै होइन, मन पनि बालेनलाई दिएका छन्।' प्रतिनिधिसभा सदस्यको निर्वाचनमा मधेसमा देखिएको नतिजा केवल चुनावी प्रतिस्पर्धाको परिणाममात्र नभई पुराना दलप्रति बढ्दो असन्तुष्टिको प्रतिफल भएको राजनीतिक विश्लेषक प्रोफेसर सन्त आलोकले बताए। उनका अनुसार चुनाव घोषणा भएपछि समेत प्रमुख राजनीतिक दलहरूले समयमै स्पष्ट दृष्टिकोण र घोषणापत्र प्रस्तुत गर्न सकेनन्, जसले मतदातामा निराशा बढाएको थियो।

प्रोफेसर आलोकका अनुसार नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) देशका मुद्दाभन्दा बढी आन्तरिक राजनीतिक विवाद र दलभित्रको शक्ति संघर्षमै अल्झिएको देखियो। यता मधेस केन्द्रित दलहरू पनि स्पष्ट कार्यक्रम र वैकल्पिक एजेन्डासहित मधेसमा ल्याउन नसक्दा मतदाताको विश्वास गुमाउँदै गए। उनले भने, 'मधेसवादी दलहरू जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी चुनावी तयारीभन्दा बढी एकीकरणको चर्चामै केन्द्रित भए।' चुनाव घोषणा भइसकेपछि पनि दलहरू स्पष्ट योजना र घोषणापत्र ल्याउन सकेनन्, अर्कोतिर मधेसका छोरा बालेनलाई रास्वपाले प्रधानमन्त्री बनाउने घोषणासहित मधेस झऱ्यो। यसले चुनावी नतिजामा सुनामी नै ल्याएको उनले सुनाए।

प्रोफेसर आलोकका अनुसार चुनावी अभियानका क्रममा नेताहरूले जेनजी आन्दोलनको पृष्ठभूमिमा 'देश बचाउने कि देश जलाउनेबीचको संघर्ष' जस्ता नारा र भाषणमा बढी जोड दिए, तर मधेसी जनताको वास्तविक मुद्दा र विकासका एजेन्डा प्रस्तुत गर्न सकेनन्। यही अवस्थाबीच राष्ट्रिय स्वतन्त्र पार्टीले मधेस आश्रितसहित अन्य दलका कमजोरी र विवादलाई चुनावी मुद्दाका रूपमा प्रस्तुत गर्दै मतदातामा प्रभाव जमाएको उनको विश्लेषण छ। उनका अनुसार मधेसी मतदाताले यसपटक परम्परागत नेतृत्वभन्दा नयाँ विकल्प रोज्ने मनोविज्ञान देखाए। 'मधेसी जनताले उपेन्द्र यादव, महन्थ ठाकुर, सीके राउत, शरतसिंह भण्डारी, राजेन्द्र महतोभन्दा 'मधेसका बेटा' भनेर चिनिने बालेन्द्र शाहको नेतृत्वलाई राम्रो विकल्पका रूपमा हेरेर मत दिएका छन्,' उनले भने।

प्रोफेसर आलोकका अनुसार मधेसमा आएको यो परिणामले आगामी दिनमा मधेसको राजनीति र राष्ट्रिय शक्ति सन्तुलनमा समेत ठूलो परिवर्तन ल्याउन सक्ने संकेत गरेको छ। काठमाडौंमा बालेनले गरेको कामबाट प्रभावित भएर मधेसी जनताले महोत्तरीका धर्तिपूत्रलाई देशको प्रधानमन्त्री बनाउन मत दिएको इन्जिनियर महतोले सुनाए। बालेनका मामा धनुषा निवासी कारिराम साहले देशको उन्नती प्रगति भान्जा बालेनको काँधमा आएको सुनाए। उनले भने, 'जनताले चाहेको कुरा अब पूरा होस्।' यता जनता समाजवादी पार्टीका नेता डा. सुरेन्द्र झाले मधेसवादी दलहरू चुनाव हारेको हो तर, रास्वपापछिको मधेसको ३२ मध्ये २० सिटको चुनावी प्रतिस्पर्धामा आफ्नै पार्टीको मत रहेको सुनाए।

'हामीले चुनाव हारेको हो तर, मधेसवादी दलले उठाएको एजेन्डा अझै जीवित छ,' उनले भने, 'मधेस जनताले रास्वपालाई मधेसको एजेन्डा संविधान संसोधन गराएर पूरा गर्न मत दिएको हो। अब हाम्रो काँधमा त्यो कामका लागि बन्ने सरकारलाई खबरदारी गर्ने जिम्मेवारी मधेसी जनताले दिएका छन्। त्यो पूरा गर्छौं।' मधेसवादी दलहरूमात्रै होइन, पुराना दल एमाले, कांग्रेस, नेपाली कम्युनिष्ट पार्टीहरूलाई जनताले चुनाव हराएको उनले बताए। लोकतन्त्रमा जित हार हुन्छ, चुनाव हार्दैमा पार्टी, नेता र एजेन्डा नसकिएको जसपा नेता डा. झाको भनाइ छ।

'मधेसी दलहरूले नयाँ दललाई मत दिएको मात्रै हो, माया त हामीलाई नै गरेको चुनाववाट पुष्टि भएको छ। मधेसको धेरै सिटमा पुराना दलहरूभन्दा अगाडि हामी नै छौं,' उनले भने, 'बालेनलाई रास्वपाले प्रधानमन्त्रीमा बनाउने जुन निर्णय गरेको चुनावमा गयो त्यो फयाक्टले मधेसमा रास्वपाले चुनावी नतिजा हात परेको छ।'

## *नवयुवा आन्दोलनः...*

यस्तो घटना नहोस् भनेर सुभाव पनि राखिएको उहाँले बताउनुभयो।

गएको भदौ २३ र २४ गतेका घटनाको मानवीय र भौतिक क्षतिको छानबिनका लागि असोज ५ गते गठन भएको आयोगको तेस्रो पटक थपिएको म्याद सकिनुभन्दा एक दिनअघि आयोगले प्रतिवेदन बुझाएको हो। विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको नेतृत्वमा गठित उच्चस्तरीय आयोगका सदस्यमा पूर्वएआईजी विज्ञानराज शर्मा र कानूनविद् विश्वेश्वर भण्डारी सदस्य रहनुभएको छ।

भदौ २३ र २४ गते भएका घटनामा ७६ जनाको ज्यान जानुका साथै सयौँ मानिसहरू घाइते भएका थिए। सरकारकै प्रतिवेदनअनुसार आन्दोलनमा ८४ अर्ब रुपैयाँभन्दा धेरै मूल्य बराबरको भौतिक क्षति पुगेको थियो। अघिल्लो दिन सुरक्षाकर्मीहरूको कारबाहीमा परेर युवा प्रदर्शनकारीहरूको ज्यान गएपछि भदौ २४ गते आन्दोलनले उग्र रूप लिएको थियो। त्यस क्रममा कैयौँ सरकारी कार्यालय, व्यापारिक प्रतिष्ठान तथा निजी घर र सम्पत्तिमा आक्रमण, लुटपाट र आगजनीका घटनाहरू भएका थिए।

## धनुषाबाट रास्वपाका...

धनुषा१ को निर्वाचन परिणाम घोषणा नगर्ने निर्णय गरेको छ। आयोगको निर्णयअनुसार आइतबारै धनुषा जिल्ला क्षेत्र नं१ निर्वाचन अधिकृतको कार्यालयलाई पत्राचार गरिएको सो आयोगले सूचना जारी गरी जनाएको छ।

आयोगले यही फागुन १८ गते धनुषा जिल्ला क्षेत्र नं १ का राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार किशोरी साह कमलको उम्मेदवारी कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम रहेको प्रमाण प्राप्त भएको भन्दै खारेज गर्ने निर्णय गरेको थियो।

## *श्रमिक महिला ...*

हकको संवैधानिक व्यवस्था नेपाली महिला र नेपाली समाजका लागि अत्यन्त ठुलो र ऐतिहासिक उपलब्धि हो। वडा तहदेखि राष्ट्रिय सभासम्ममा र साथै राष्ट्राध्यक्ष पङ्क्तिमा समेत महिला सहभागिता सुनिश्चित गरिएको छ। निजामती सेवामा पनि महिलालाई आरक्षण प्रदान गरिएको छ। अबको पाइला भनेको ती अधिकारहरूको कार्यान्वयनमा राज्य र राजनीतिक दलहरूले देखाउनु पर्ने तदारुकता हो। रातोपाटीबाट

# मदिरा पसलमा आगजनी, लाखौंको क्षति

**रवीन्द्र उप्रेती**

बर्दीबास, २४ फाल्गुन। महोत्तरीको गौशाला–१०, इमली बजारस्थित एक मदिरा पसलमा आगजनी भएको छ। बजारको मध्यभागमा रहेको दीपेन्द्र मदिरा पसलमा आगजनी हुँदा ९ लाख मूल्य बराबरको धनमालको क्षति भएको जनाइएको छ। आगजनी गरेको आशङ्कामा प्रहरीले एक जनालाई नियन्त्रणमा लिएको छ। बजारका प्रत्यक्षदर्शी एवं सिसी क्यामराको फुटेज अनुसार आगजनी शनिबार ( हिजो) मध्यराति करिब १ बजेतिर भएको देखिएको छ।

घटनास्थल नजिकै रहेको पप्पु ट्रेडर्सका प्रोपराइटर प्रमोद महतोका अनुसार मध्य रातको समयमा अनुहार छोपेर आएका एकजना अपरिचित व्यक्तिले पसलमा पेट्रोलजस्तो पदार्थ छर्केर आगो लगाइ पूर्वतर्फ भागको फुटेजमा देखिएको छ।

आगो दन्केर काठको पसल घर रहेको मदिराका बोतलहरू ठुला आवाजमा पडकन थालेपछि छिमेकी पसलेहरूले थाहा पाएपछि हारगुहार गर्दै स्थानीय व्यवसायी र गाउँलेको प्रयासमा करिब एक घण्टापछि आगो नियन्त्रणमा आएको थियो।

त्यसबेलासम्म पसल पूर्णतः जलिसकेको थियो। पीडित मदिरा पसले दीपेन्द्र महतोका अनुसार आफू शनिबार (हिजो) राति करिब ११ बजेतिर पसल बन्द गरी एक किलोमिटर पश्चिम रहेको कालीपुरस्थित घरमा सुत्न गएको मौका छोपी सुनसान पसलमा आगजनी गरेको बताउनुभयो। उहाँका अनुसार आगोले करिब ५ लाखका मदिरा, कोक, फ्रुटी, फ्रिज, पसल घर, आवश्यक बिल, हिसाब किताबको खाताबही लगायत करिब १० लाख मूल्य बराबरको धनमाल खरानी भएको बताउनुभयो।

# टिकटकमा ३२ लाख फलोवर्स, भोट ल्याए २४०







पर्सा, २४ फाल्गुन। सामाजिक सञ्जाल टिकटकमा करोडौंको मन जितेका चर्चित टिकटकर मोहम्मद उमर खानले हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा पर्सा निर्वाचन क्षेत्र नम्बर १ बाट जम्मा २४० मत मात्र प्राप्त गरी लज्जास्पद हार बेहोरेका छन्। उमर खानको 'अफिसियल उमरखान२' नामक टिकटक आइडीलाई ३२ लाखभन्दा बढीले पछ्याएका छन् भने उनका भिडियोहरू एक करोड ९४ लाखभन्दा बढी पटक हेरिएका छन्। विशेषगरी ९० को दशकका रोमान्टिक हिन्दी र चर्चित नेपाली गीतहरूमा आफ्नो अभिनय कला प्रस्तुत गर्दै उनले लाखौं दर्शकको मन जित्न सफल भएका थिए।

मेलिना पन्तसँगको उनको टिकटक जोडीलाई दर्शकले निकै रुचाउने गर्छन्। टिकटकमा यति ठुलो फ्यान फलोइङ भए पनि उनी मतदाताको मनमा भने अटाउन नसकेको निर्वाचन परिणामले देखाएको छ। तेक्वान्डोमा ४३ स्वर्ण पदक विजेता खान चितवनमा मदरसा विद्यालयसमेत सञ्चालन गरिरहेका छन्। नेपाली फिल्म 'होस्टेल ३' मा भिलेनको भूमिकाबाट अभिनयमा डेब्यु गरेका उनी आफ्नो कन्टेन्ट क्रिएसन, खेल र सामाजिक कार्यमार्फत सक्रिय छन्। उमर खान राष्ट्र निर्माण दलको तर्फबाट निर्वाचनमा होमिएका थिए। मुस्लिम आयोगका पूर्वअध्यक्ष समिम मिया अन्सारीको नेतृत्वमा गठन भएको यो दल गएको पुस १७ गते बुधबार काठमाडौंमा एक कार्यक्रमको आयोजना गरी घोषणा गरिएको थियो।

अन्सारीले दलले सबै भूगोल, जनजाति, समूह, दलित, मुस्लिम, नेवा, खस आर्य समुदायलाई समेट्ने बताएका थिए। यस पार्टीको चुनाव चिह्न पानीको बोतल रहेको थियो। पर्सा-१ मा रास्वपाका बुद्धिप्रसाद पन्त २७ हजार २७४ मत ल्याएर विजयी भए। पन्तका निकटतम प्रतिद्वन्द्वी पूर्वमन्त्री नेकपा एमालेका उम्मेदवार प्रदीप यादवले १३ हजार ३० मत मात्र पाए। यहाँ नेपाली कांग्रेसका अनिल रुँगटा तेस्रो भए।

# गगनले साढे१९ हजार मत पाउँदा अमरेशले कति ल्याए ?





काठमाडौँ, २४ फाल्गुन। सर्लाही निर्वाचन क्षेत्र नम्बर ४ मा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का अमरेश कुमार सिंहले २९ हजार ३८० मत ल्याएका छन्। रास्वपाका सिंहलाई नेपाली कांग्रेसका सभापति समेत रहेका गगन थापाले १९ हजार ५ सय ६ मतका साथ पछ्याइरहेका छन्। गगन भन्दा अमरेश करिब १० हजार मतले अगाडि छन्। यस्तै नेकपा एमालेका अमनिश कुमार यादवले ८ हजार ६५४ मत ल्याएका छन्। जनमत पार्टीका राकेश कुमार मिश्रले १ हजार ३६५ मत ल्याएका छन्।

# सर्लाहीमा कांग्रेस नेतामाथि आक्रमण





सर्लाही, २४। सर्लाही जिल्लाको बलरा नगरपालिका-४ मा नेपाली कांग्रेसका नेता तथा पूर्व प्रमुख जिल्ला अधिकारी (सीडीओ) डा.कमलेश्वर सिन्हामाथि आक्रमण भएको छ। आइतबार दिउँसो करिब १२:१० बजे बलरा-४ स्थित राजेश सिंहको घरको पूर्व तथा सुनिल सिंहको घरको उत्तरतर्फ रहेको बाटोमा आक्रमण भएको कांग्रेसका स्थानीय नेता नवीन कुशहवाले जानकारी दिए।

डा.सिन्हा आफ्ना छोरा र नातिसँगै स्कार्पियो गाडीमा बसेको अवस्थामा अज्ञात समूहले गाडीमाथि आक्रमण गरेको हो। कांग्रेसले सर्लाही-४ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका नवनिर्वाचित सांसद अमरेशकुमार सिंहका समर्थकले आक्रमण गरेको जनाएको छ। आक्रमणबाट घाइते भएका डा.कमलेश्वर सिन्हालाई उपचारका लागि अस्पताल भर्ना गरिएको कांग्रेसले जनाएको छ। घटनाप्रति कांग्रेस सर्लाही-४ ले आपत्ति जनाएको छ। प्रहरीले भने यो विषय सञ्चारमाध्यममा आए पनि औपचारिक रूपमा जानकारीमा नआएको बताएको छ।

# राजेन्द्र महतोको जमानत जफत

**जनार्जन खत्री**

सर्लाही, २४ फाल्गुन। प्रतिनिधि सभा सदस्य निर्वाचनमा राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष एवम् पूर्व उपप्रधानमन्त्री राजेन्द्र महतोलगायतको जमानत जफत भएको छ। प्रतिनिधि सभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फ खसेको कुल सदर मतको १० प्रतिशतभन्दा कम मत ल्याएको अवस्थामा उम्मेदवारको जमानत अर्थात् उम्मेदवारी दर्ता गर्दा राखेको रकम जफत हुने कानुनी व्यवस्था छ। उम्मेदवारबाट जफत भएको रकम राज्यकोषमा जाने व्यवस्था रहेको छ।

सोही व्यवस्था अनुसार सर्लाही २ बाट उम्मेदवार रहनुभएका राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष महतोले कुल सदर मतको१० प्रतिशत मत प्राप्त गर्न नसक्दा जमानत रकमधरी गुमेको हो। सर्लाही २ मा ७७ हजार ७८९ मत खसेकोमा ७२ हजार ३८१ मत सदर र पाँच हजार आठ मत बदर भएको छ। जमानत सुरक्षित गर्न सात हजार २३९ मत ल्याउनुपर्नेमा महतोले पाँच हजार ९९२ मत प्राप्त गर्नुभयो। सर्लाही २ मा निकटतम प्रतिस्पर्धी रहनुभएका नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार एवम् पूर्वमन्त्री महेन्द्र राय यादव भने जमानत जोगाउन सफल हुनुभएको छ।

यस्तै, सर्लाही १ मा निकटतम प्रतिस्पर्धी रहनुभएका नेपाली कांग्रेसका उम्मेदवार एवम् संविधान सभा सदस्य शम्भुलाल श्रेष्ठबाहेक अन्य उम्मेदवारको जमानत जफत भएको छ। सर्लाही १ मा नेकपा एमालेका मनोजकुमार देवकोटा, पूर्व प्रतिनिधि सभा सदस्य एवम् नेपाली कम्युनिष्ट पार्टीका प्रमोद साह, निवर्तमान प्रतिनिधि सभा सदस्य एवम् जनता समाजवादी पार्टी नेपालका रामप्रकाश चौधरीको समेत जमानत जफत



भएको छ।

सर्लाही १ मा ७९ हजार २०७ मत खसेकोमा पाँच हजार ३६५ मत बदर भएको छ। यहाँ जमानत जोगाउन कुल सदर ७३ हजार ८४२ मतमा सात हजार ३८५ मत ल्याउनुपर्ने हुन्थ्यो। यस्तै सर्लाही ३ मा निकटतम प्रतिद्वन्द्वी नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार एवम् पूर्व गृहमन्त्री नारायणकाजी श्रेष्ठ मात्र जमानत जोगाउन सफल हुनुभएको छ। यस क्षेत्रमा ८२ हजार १०८ मत खसेकोमा चार हजार २६८ मत बदर भएको छ। जमानत जोगाउन सात हजार ७८४ मत ल्याउनुपर्नेमा पूर्व गृहमन्त्री श्रेष्ठले १३ हजार ३३८ मत प्राप्त गर्दै जमानत जोगाउनुभएको हो। यहाँ नेपाली कांग्रेसका विनोदकुमार खनाल, निवर्तमान प्रतिनिधि सभा सदस्य हरिप्रसाद उप्रेतीलगायतको जमानत जफत भएको छ।

यसैगरी सर्लाही क्षेत्र नं. ४ मा नेपाली कांग्रेसका सभापति गगनकुमार थापा र नेकपा एमालेका अमनिसकुमार यादवको मात्र जमानत जोगिएको छ। यस क्षेत्रमा ७७ हजार ९३१ मत खसेकोमा चार हजार ५६९ मत बदर भएको छ। जमानत जोगाउन सात हजार ३३७ मत ल्याउनुपर्नेमा कांग्रेसका उम्मेदवार एवम् निकटतम प्रतिस्पर्धी थापाले २२ हजार ८३१ र तेस्रो भएका एमालेका यादवले नौ हजार ३४३ मत प्राप्त गर्दै जमानत जोगाउनुभएको हो। यहाँ नेपाली कम्युनिष्ट पार्टीका डा. रजनिस राय, पूर्व मन्त्री एवम् जनता समाजवादी पार्टी नेपालका रामेश्वर राय यादवलगायतको भने जमानत जफत भएको छ।

# छुट्टाछुट्टै सवारी दुर्घटनामा १० जनाको मृत्यु

काठमाडौँ, २४ फाल्गुन। देशका विभिन्न भागमा शनिबार र आइतबार भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा १० जनाको मृत्यु भएको छ। केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार काठमाडौँको तारकेश्वर नगरपालिका-४, रौतहटको परोहा नगरपालिका-८, रौतहटको चन्द्रपुर नगरपालिका-१, धनुषाको गणेशमान चारनाथ नगरपालिका-५ चिसापानी बजार र लमजुङको सुन्दरबजार नगरपालिका-७ कुमालटारमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी एक/एक जनाको मृत्यु भएको हो।

त्यस्तै सर्लाहीको हरिवन नगरपालिका-२ पाकरगाछीमा भएको दुर्घटनामा एक जनाको मृत्यु भएको छ। चितवनको कालिका नगरपालिका-९ दब्यटारस्थित सडकमा उर्पदानगढीबाट शक्तिखोरतर्फ आँउदै गरेको अटो अनियन्त्रित भई दुर्घटना हुँदा अटोचालक राप्ती नगरपालिका-९ का पूर्ण विकसहित चार जनाको मृत्यु भएको प्रहरीले जनाएको छ।

# विषम परिस्थितिमा निर्वाचन गराउन सरकार सफलः कानुनमन्त्री सिन्हा

काठमाडौँ, २४ फाल्गुन। कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले विषम परिस्थितिमा निर्वाचन गराउन सरकार सफल भएको बताउनुभएको छ। आइतबार निर्वाचन आयोगमा भएको समीक्षा बैठकपछि उहाँले विषम अवस्थामा निर्वाचन गराउने दायित्वसहित गठन भएको सरकारले मुख्य काम सम्पन्न गरेको बताउनुभयो। सुरक्षा निकायको समन्वय र सरकारले स्रोत, साधनको समयमै व्यवस्था गरिदिएर निर्वाचन सम्पन्न गराउन सहयोग गरेको मन्त्री सिन्हाको भनाइ थियो।

"विभिन्न खालका दबाब आउँदा पनि आयोगले निर्वाचन कार्यतालिकामा हेरफेर नगरी काम गरेर समयमै निर्वाचन सम्पन्न गराउन नेतृत्वदायी भूमिका खेलेको छ," उहाँले भन्नुभयो, "निर्वाचनको वातावरण बनाउन विभिन्न राजनीतिक दलसँग समन्वय भएको थियो।" उहाँले मतदानअघि सुरक्षा निकायलाई स्वार्थ अनुकुल परिचालन नगरे राम्रो परिणाम निस्कन्छ भन्ने यो निर्वाचनबाट देखिएको समेत उल्लेख गर्नुभयो।

मन्त्री सिन्हाले निर्वाचनबाट असल संस्कृतिको सुरुवात भएको बताउनुभयो। अब बन्ने सरकारले बदलाको भावनाले काम नगरी जनतालाई सहज सेवा दिई आर्थिक समृद्धिका लागि काम गर्नुपर्ने उहाँको सुझाव छ।

**नयाँ संसद् भवनमा संसद्को पहिलो बैठक**

निर्वाचित सांसदको बैठक बोलाउन संसदीय मामिला मन्त्रालयले न्यूनतम् आवश्यकता पूरा गर्ने मन्त्री सिन्हाले बताउनुभयो। सिंहदरबारभित्र निर्माणाधिन नयाँ संसद् भवनमै संसद्को पहिलो बैठक बोलाउने गरी तयारी भइरहेको पनि मन्त्री सिन्हाले जानकारी दिनुभयो। भोलिदेखि नै संसद्को अधिवेशन तयारीका लागि थप काम गरिने जानकारी पनि उहाँले बताउनुभयो।

समीक्षा बैठकमा गृहमन्त्री ओमप्रकाश अर्याल, कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, आयुक्तद्वय डा जानकीकुमारी तुलाधर र सगुनशम्शेर राणा, आयोगका सचिव कृष्णबहादुर राउत, सुरक्षा निकायका प्रमुखलगायत उच्च अधिकारीहरुको सहभागिता थियो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)